मितिः २०८१/११/११

समयः बिहान ८.३० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

**तपसिलः-**

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## अन्य उपस्थिती:-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | उपसचिव | |
| २ | श्री सुर्यनाथ कोइराला | अधिकृत आठौं | |
| ३ | श्री कल्पना अधिकारी | वरिष्ठ अधिकृत आठौं | |
| ४ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ५ | श्री कञ्चन खनाल | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ७ | श्री सन्दिप गिरी | इञ्जिनियर | |
| ८ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |

## प्रस्तावः-

१. ८ नं. वडाका सार्वजनिक जग्गा संरक्षणको लागि जग्गा रेखाङ्कनमा भएको खर्च भुक्तानी सम्बन्धमा ।
२. विभिन्न वडा तथा संघसंस्थाहरूबाट रकम भुक्तानी, सामाग्रीहरू माग तथा कार्यक्रम सञ्चालनको लागि पेश भएको निवेदन उपर छलफल सम्बन्धमा ।
३. राष्ट्रिय परिचय पत्र वितरण अभियान कार्यमा संलग्न कर्मचारीहरूको खाजा खर्च व्यवस्थापन सम्बन्धमा ।
४. मालपोत कार्यालय, कलंकीको श्रेस्ता र लिखत बुक वाइण्डिङ्ग गरी राख्नको लागि फिक्स सोकेस (दराज) सम्बन्धमा ।
५. आ.व. २०८२/०८३ को लागि संघीय समपुरक योजना छनौट सम्बन्धमा ।
६. आ.व. २०८२/०८३ को लागि प्रदेश समपुरक योजना छनौट सम्बन्धमा ।
७. विविध ।

# निर्णयहरू:

**निर्णय नं. १**

गत मिति २०८१/१०/१४ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल:**

**कार्यक्रम तर्फ**

| सि.नं. | संस्थाको नाम | कार्यक्रम | रकम रू. | खर्च तथा बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | नागार्जुन मगर संघ | प्रथम शहिद लखन थापा मगर ज्यूको १४८ औं स्मृति दिवस, ४३ औं मगर दिवस र ५३ औं चिण्डिके डूप्के कार्यक्रम | ९९,००० | विविध कार्यक्रम खर्च २२५२९ | |
| २ | अन्तराष्ट्रिय तामाङ डम्फु पार्क समिति | सोनाम (२८६१ औं डुल) ल्होसारको लागि | १,५०,००० | | कार्यक्रम सम्पन्न भई बिल भुक्तानीको लागि निवेदन पेश भएको |

**सामाग्रीहरू माग तर्फ**

| सि.नं. | संस्थाको नाम | कार्यक्रम | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | छग्डोल नेवाः युवा समाज, वडा नं. ५ | पहाँचरे नःख (घोडे जात्रा)को लागि आवश्यक बाध्यबाधनका सामाग्रीहरू माग | ढल, पाईप, बाजागाजा, ट्यांकी खरिद २२५२२ | स्वीकृत माग फाराम अनुसार |
| २ | दुर्गा नगर महिला विकास समिति, वडा नं. ९ | दैनिक योगा कार्यक्रमको लागि आवश्यक सामाग्रीहरूको माग | विविध कार्यक्रम खर्च २२५२९ | स्वीकृत माग फाराम अनुसार |
| ३ | विश्नाथ महादेव मन्दिर संरक्षण समिति | वार्षिक उत्सव तथा अन्य कार्यक्रमहरूको लागि आवश्यक सामाग्रीहरूको माग | | स्वीकृत माग फाराम अनुसार |
| ४ | ८ नं. वडा कार्यालय | भिमसेनस्थान मन्दिरमा हुने भिमा एकादशीको अवसरमा हुने पुजा कार्यक्रमहरूको लागि आवश्यक सामाग्रीहरूको माग | | स्वीकृत माग फाराम अनुसार |

**निर्णय नं. ३**

मालपोत कार्यालय, कलंकीको प.सं. २०८१/०८२, च.नं. ३९९३, मिति २०८१/०९/०२ गतेको पत्रबाट उल्लेखित कार्यालयमा रहेको मोठ श्रेस्ता र लिखत बुक वाइण्डिङ्ग गरी राख्नको लागि फिक्स सोकेस (दराज) निर्माणको लागि बजेट विनियोजन गर्नको लागि लेखि आएकोले उक्त कार्य गर्नको लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रू.७,५२,२८०/- (सात लाख बाउन्न हजार दुई सय असी) मात्र यस नगरपालिकाको खर्च शिर्षक विविध कार्यक्रम खर्च बजेट शिर्षक नं. २२५२९ मा विनियोजित बजेटबाट खर्च हुने गरी उल्लेखित कार्य गराउने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिका वडा नं. ८ अन्तर्गत भिमसेनस्थान मन्दिर क्षेत्रमा रहेको साविक भिमढुंगा गा.वि.स. वडा नं. ६ (ग) कित्ता नं. ४ क्षेत्रफल ६-०-०-० को सार्वजनिक/पर्ति जग्गा संरक्षणको लागि वडा जनप्रतिनिधि, प्राविधिक कर्मचारी, स्थानीय साँधसँधियारहरू तथा अन्य सरोकारवाला वडावासिहरूको उपस्थितीमा जग्गा नाँपजाँच तथा रेखाङ्कनको समयमा खाईएको खाना खर्चवापतको रकम रू.१४,२३८/- (चौध हजार दुई सय अठतिस रूपैंया) र जग्गा रेखाङ्कन गर्नको लागि तिरेको राजश्व वापतको रकम रू.१७,७१०/- (सत्र हजार सात सय दश रूपैंया) सहित जम्मा रू.३१,९४८/- (एक तिस हजार नौ सय अठचालिस रूपैंया) मात्र भुक्तानी गरी पाउँ भनि सम्बन्धित वडा कार्यालयबाट लेखि आएकोले यस नगरपालिकाको खर्च शिर्षक विविध कार्यक्रम खर्च बजेट शिर्षक नं. २२५२९ मा विनियोजित बजेटबाट खर्च हुने गरी उल्लेखित कार्य गराउने निर्णय गरियो ।

निर्णय नं. ५

नागार्जुन नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत भएका संलग्न म.ले.प.फाराम नं. ३०४ बमोजिमका (सूची बेग्लै रहेको) योजना तथा कार्यक्रमहरू संलग्न म.ले.प.फाराम नं. ३०४ को सूचीमा रहेका योजना तथा कार्यक्रममा संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्नको लागि पेश भए बमोजिम संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रेस चौतारी नेपाल उपत्यका प्रदेश समितिले उक्त समितिको ऐतिहासिक दोश्रो सम्मेलन सञ्चालनको लागि आर्थिक सहयोग उपलब्ध गरी पाउँ भनि दिएको निवेदन अनुसार निवेदक संस्थालाई कार्यक्रम सञ्चालनको लागि आर्थिक सहयोग स्वरूप रकम रू. ३५,०००/- (पैंतिस हजार) मात्र यस नगरपालिकाको खर्च शिर्षक विविध कार्यक्रम खर्च बजेट शिर्षक नं. २२५२९ मा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रम सम्पन्नको बिल भर्पाई पेश गरेपछि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७

ट्राफिक प्रहरी वृत्त, स्वयम्भू, काठमाडौंको प.सं. २०८१/०८२, च.नं. ५०६, मिति २०८१/१०/२० गतेको पत्रबाट यस नगरपालिका क्षेत्रभित्र ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि आवश्यक सामाग्रीहरू तथा मासिक २५ लिटर इन्धन माग गरी पत्र लेखि आएकोले उक्त कार्यालयले माग गरेका सामाग्रीहरू यस नगरपालिकाको खर्च शिर्षक कार्यक्रम खर्च बजेट शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च हुने गरी खरिद गरी उपलब्ध गराउने तथा साथै मासिक २० लिटर इन्धन समेत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिका वडा नं. ८ स्थित महेश नारायण खानेपानी मर्मत सुधार समितिको निवेदन अनुसार बरूवालडाँडा क्षेत्रका स्थानीय बासिन्दाहरूको लागि थाप्ले देखि पाईप लाईन मार्फत खानेपानी ल्याई उपभोग गरिरहेकोमा यस वर्षको वर्षातको भेल बाढि, पहिराबाट पाईप लाईनमा क्षति पुग्नुको साथै कतिपय स्थानमा पाईप लाईन जिर्ण भएकोले २० एम.एम.को ५ थान (प्रति थान १५०० मिटर लम्बाई भएको) पाईप उपलब्ध गरी पाउँ भनि सम्बन्धित वडा कार्यालयबाट लेखि आएकोले उक्त उपभोक्ता समितिलाई यस नगरपालिकाको खर्च शिर्षक ढल, पाईप, बाजागाजा, ट्यांकी खरिद बजेट शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च हुने गरी खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

८ नं. वडा कार्यालयले सितापाईला - धार्के सडक खण्ड लगायत विभिन्न स्थानहरूमा यात्रुहरूको जानकारीकोलागि लोकेशन बोर्ड राख्नको लागि सिफारीस भई आएकोले यस नगरपालिकाको खर्च शिर्षक कार्यक्रम खर्च बजेट शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च हुने गरी खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

यस नगरपालिका वडा नं. ७ स्थित बद्रि नारायण धामको प्राण प्रतिष्ठा कार्यक्रम व्यवस्थापनको लागि विभिन्न सामाग्रीहरू माग गरि निवेदन पेश भएकोमा ५ वटा ठूला प्रवेश द्वार र ५० थान प्रचार सामाग्री व्यानर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरपालिका कार्यालयबाट राष्ट्रिय परिचय पत्र वितरण अभियानमा खटिने कर्मचारीहरूलाई दैनिक खाना/खाजा खर्च उपलब्ध गरी पाउँ भनि निवेदन दिएकोमा एम.आई.एस. अपरेटर श्री उत्तमराज गिरीलाई रू.३०० र अन्य कर्मचारीहरूलाई रू.१०० का दरले दैनिक खाजा खर्च स्वरूप यस नगरपालिकाको कर्मचारी प्रोत्साहन तथा पुरस्कार बजेट शिर्षक नं. २११३५ मा विनियोजित बजेटबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिकाको खानेपानी तथा सरसफाईको क्षेत्रमा दिगोपन, समुचित खानेपानी वितरण तथा व्यवस्थित सरसफाई गर्नको लागि प्राविधिक सहयोग पाउनका लागि Sanitation and Water for All (SWA) मा आवद्ध हुने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिका अन्तर्गत वडा नं. २ मा सञ्चालित स्वतिश्री गुरूकुल विद्यालय सानो भर्याङ्ग काठमाडौंले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को परिच्छेद २४ को नियम १४५ को अनुसूची २१ को खण्ड (ख) बमोजिम "क" श्रेणिमा परेका विशेष सुविधायुक्त विद्यालयले विद्यालयका कम्तीमा दुई तिहाई अभिभावकहरूको निर्णयबाट गरीबिको रेखामुनी रहेका परिवारका विद्यार्थीलाई लक्षित गरी २५ प्रतिशत विद्यार्थीलाई विशेष छुट (हेभि सब्सिडी) र मध्यम वर्गका विद्यार्थीलाई लक्षित गरी आंशिक छुट दिन सकिने गरी प्रतिवद्धता सहित निवेदन पेश गरेकोले उक्त विद्यालयलाई शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) अनुसार आगामी शैक्षिक सत्रबाट "क" श्रेणिको विशेष सुविधायुक्त विद्यालयको रूपमा वर्गीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नागार्जुन नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८० को निम्न परिच्छेद, दफा तथा उपदफाहरू संशोधन/हटाउने/थप गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिलः

- परिच्छेद ५ दफा ८ को उपदफा १ को पदाधिकारी भन्ने शब्द हटाउने ।
- परिच्छेद ७ को दफा १३ को उपदफा २ को क्रम संख्या १ को (क) बाहिरी प्रस्तुतकर्ता अधिकृतस्तर प्रवचन वापतको रू.२५०० हटाउने र क्रम संख्या १ (ख) को आन्तरिक प्रस्तुतकर्तामा प्रवचन भन्ने शब्द हटाई रकम रू. १४०० थप गर्ने ।
- परिच्छेद ७ को क्रम संख्या १ को (ग) बाहिरी प्रस्तुतकर्ता अधिकृतस्तर कार्यक्रम पत्र वापत रू.२,०००/प्रवचन वापत रू.१०००/ (घ) आन्तरिक प्रस्तुतकर्ता प्रवचन कार्यपत्र वापत रू.११०० भन्ने शब्द तथा रकम हटाउने ।
- परिच्छेद ७ को क्रम संख्या ३ को कक्षा सञ्चालनवापत प्रति कक्षा रू.७०० को ठाउँमा रू.१००० थप गर्ने र शिप विकास तालिमको मसलन्द खर्च प्रति व्यक्ति रू.१०० र खाजा खर्च रू.२५० थप गर्ने ।
- क्रम संख्या ४ को रू.२०० को ठाउँमा रू.२५० कायम गर्ने ।
- क्रम संख्या ५ को सहभागिका लागि प्रति सहभागि रू.१०० को ठाउँमा रू.२०० कायम गर्ने र प्रशिक्षक कार्यका लागि प्रति कार्यक्रम रू.२५०० को ठाउँमा रू. ३००० कायम गर्ने ।
- क्रम संख्या ६ को संयोजक भत्ता अधिकतम १५ कार्य दिन सम्म रू.१००० को ठाउँमा रू.१५०० कायम गर्ने ।
- क्रम संख्या ७ को सहयोगी भत्ता रू.५०० को ठाउँमा रू.१००० कायम गर्ने र १५ दिन पछि प्रति दिन रू.१०० को ठाउँमा रू.५०० कायम गर्ने ।
- क्रम संख्या १५ को प्रतिवेदकको पारिश्रमिकको रू.१००० र रू.५०० को ठाउँमा एकमुष्ठ १५०० कायम गर्ने र स्पष्टिकरण र कैफियत महलको रू.३००० को ठाउँमा रू.१५०० कायम गर्ने, घ. खाजाको रू.२०० को ठाउँमा रू.२५० कायम गर्ने ।
- परिच्छेद ८ को दफा १४ को उपदफा ५ लाई हटाउने ।
- अनुसूची १ को दफा ८ को उपदफा १ र २ सँग सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरूको लागि मासिक इन्धन सुविधाको सि.नं. १, २, ४, ५, ११ लाई हटाउने, क्रम संख्या ३ र ६ को इन्धन महलमा १५० र १३० को ठाउँमा १८० कायम गर्ने र सि.नं. १७ को इन्धन महलको १५ को ठाउँमा कार्यपालिका तथा नगर सभाको निर्णय बमोजिम भन्ने शब्द थप गर्ने ।
- अनुसूची १ को नोटः मा भएको नगर प्रमुख, नगर उपप्रमुख भन्न शब्द हटाउने ।
- इन्धन सुविधा पाउने आधारहरूको सि.नं. को पदाधिकारी र भन्ने शब्द हटाउने ।
- इन्धन सुविधा पाउने आधारहरूको सि.नं. ३ लाई हटाउने ।

निर्णय नं. १५

नागार्जुन नगरपालिकाबाट ठेक्का आह्वानबाट संचालन भईरहेका आयोजनाहरुको विभिन्न कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजानाहरु तथा परामर्श कार्यहरुको म्याद थप गर्ने निर्णय गरीयो।

तपसिलः-

| क्र.स | योजनाहरुको विवरण | निर्माण व्यवसायी /परामर्शदाता को नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | Nagarjun/NCB/W/50/2079-80 Halchowk Aakash Bhairab Sattal Nirman | Lucky Builders Construction and Suppliers Company Pvt. Ltd. | बैसाख मसान्त | |
| २ | Nagarjun/NCB/W/48/2079-80 Sychatar Covered Hall Nirman | Lucky Builders Construction and Suppliers Company Pvt. Ltd. Dombu Tole, Balambu-12 | चैत्र मसान्त | |
| ३ | Nagarjun/NCB/W/36/2079-80 Syuchatar Water Supply Project | Vision-Doleshwor JV | असार मसान्त | |
| ४ | Preparation of Detailed project report of Khadkule Football Stadium Ward no. 7 | Karmada Engineering and Survey Consult Pvt. Ltd. | चैत्र मसान्त | |
| ५ | Detailed Project Report (DPR) of Kamalpokhari Rennovation works | Mansa Engineering Consultancy, Chipledhunga-09, Pokhara. | चैत्र मसान्त | |

कामना

निर्णय नं. १६

चालु आ.व. मा सडक बोर्डबाट यस नगरपालिकाको लागि विनियोजित बजेट अन्तर्गत बोलपत्र प्रक्रियाबाट घटीमा सम्झौता भई बचेको रकमबाट तपसिल बमोजिमको कार्य गर्नको लागि सडक बोर्ड नेपालमा सहमतिको लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिलः

१. नगरपालिका भित्रका मुख्य मुख्य सडकहरूमा ल.ई. बमोजिम सडक सुरक्षा सम्बन्धि कार्यहरू गर्ने ।

निर्णय नं. १७

जिल्ला समन्वय समिति, काठमाडौंको प.सं. २०८१/०८२, च.नं. १०२, मिति २०८१/१०/३० गतेको पत्रबाट काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका पालिकास्तरीय फुटबल प्रतियोगिता आयोजना गरेको उक्त प्रतियोगिताको लागि यस नगरपालिकाबाट समेत टिमको सहभागिताको लागि लेखि आएकोले उक्त प्रतियोगितामा नगरपालिकाको तर्फबाट पुरूष खेलाडीको १ टिम सहभागिताको व्यवस्था मिलाउने तथा उक्त कार्य व्यवस्थापनमा हुने खर्च हुने यस नगरपालिकाको खेलकुद सामाग्री वितरण, खेल प्रायोजन तथा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन खर्च शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

आ.व. २०८२/०८३ को लागि संघीर सरकारबाट प्राप्त हुने समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना निम्नानुसार छनौट गरी पठाउने निर्णय गरियो ।

तपसिलः

संघीय समपुरक अनुदानः

१. थापा चोक ह्वाईट गुम्बा हुँदै इचंगुनारायण सडक स्तरोन्नती (क्रमागत) रू. ५ करोड
२. फस्कु चोक घट्टेखोला नर्सरी भञ्याङ्ग बाटो स्तरोन्नती रू. ७ करोड
३. सेरे खोल्सी कोरिडोर स्तरोन्नती रू. ५ करोड

संघीय विशेष अनुदानः

१. इचंगुनारायण खानेपानी आयोजना (क्रमागत) रू. ३ करोड
२. हसन्टार पहिरो नियन्त्रण रू. ३ करोड

निर्णय नं. १९

आ.व. २०८२/०८३ को लागि प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय अनुदान तर्फका समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना निम्नानुसार छनौट गरी पठाउने निर्णय गरियो ।

तपसिलः

प्रदेश समपुरक अनुदानः

१. नर्सरी छापे चौर (स्वीजरल्याण्ड पार्क) सडक स्तरोन्नती रू. ३ करोड
२. छग्डोल कुँवर टोल वडा नं. ५ सडक स्तरोन्नती रू. ३ करोड
३. खड्का गाउँ पाखुरे सडक स्तरोन्नती रू. ३ करोड
४. पाँच धारा बुद्ध चोक एक धारा मिलन चोक सडक स्तरोन्नती रू. ३ करोड

प्रदेश विशेष अनुदानः

१. आदेश्वर ढुंगा खानी खानेपानी आयोजना वडा नं. ५ रू. १ करोड
२. क्रोतादेवी पहिरो नियन्त्रण वडा नं. ६ रू. १ करोड

प्रदेश/ स्थानीय सरकारको छाप

म.ले.प.फारम नं: ३०४

स्थानीय तह

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय

कार्यालय कोड नं.:

बजेट रकमान्तर / स्रोतान्तर/शीर्षकान्तर/ कार्यक्रम संशोधन विवरण

घटाउने:

| सि.नं. | कार्यक्रमको विवरण | बजेट उपशीर्षक नं | खर्च संकेत | स्रोत | रकम | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जनजागरण मार्ग स्तरोन्नती वडा नं. २ | ८०३३५४०८१०२ | ३११५१ | आन्तरिक श्रोत - नगद | १०,००,००० | दश लाख | |
| २ | मर्मत संभार (वडा भित्र) वडा नं. १० | ८०३३५४०८१०२ | २२२३१ | आन्तरिक श्रोत - नगद | ४,५०,००० | चार लाख पचास हजार | |
| ३ | सि.सि. क्यामेरा खरिद तथा सडक बत्ती मर्मत वडा नं. १० | ८०३३५४०८१०२ | २२५२२ | आन्तरिक श्रोत - नगद | ५,००,००० | पाँच लाख | |
| ४ | सरसफाई सडक तथा यातायात व्यवस्थापन वडा नं. १० | ८०३३५४०८१०२ | ३११५९ | आन्तरिक श्रोत - नगद | २,००,००० | दुई लाख | |
| ५ | सडकको दायाँ बायाँ झिलिमिलि बत्ती तथा कन्भेक्स मिरर वडा नं. ५ | ८०३३५४०८१०२ | २२५२२ | आन्तरिक श्रोत - नगद | ५,००,००० | पाँच लाख | |
| | कुल जम्मा | | | | २६,५०,००० | एकाईस लाख पचास हजार | |

बढाउने:

| सि.नं. | कार्यक्रमको विवरण | बजेट उपशीर्षक नं | खर्च संकेत | स्रोत | रकम | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नसीढोका गेट, सडक ढल तथा स्तरोन्नती, वडा नं. २ | ८०३३५४०८१०२ | ३११५१ | आन्तरिक श्रोत - नगद | १०,००,००० | दश लाख | |
| २ | शिवडाल/पन्तटोल तथा लामिछाने बाटो स्तरउन्नती वडा नं. १० | ८०३३५४०८१०२ | ३११५१ | आन्तरिक श्रोत - नगद | १,००,००० | एक लाख | |
| ३ | शिवडोल गेट निर्माण वडा नं. १० | ८०३३५४०८१०२ | ३११५१ | आन्तरिक श्रोत - नगद | ५०,००० | पचास हजार | |
| ४ | भैरवनाथ मन्दिर मर्मत सम्भार र रिठे पँधेरा मर्मत तथा स्तरोन्नती वडा नं. १० | ८०३३५४०८१०२ | ३११५१ | आन्तरिक श्रोत - नगद | ३,००,००० | तिन लाखत्र | |
| ५ | तारकेश्वर खानेपानी अगाडिको बाटो, सृजना सुवेदीको घर निरको बाटोमा ढुंगा बिछ्याउने, कृष्ण बस्नेतको घर अगाडिको बाटो ढलान र गिता खड्काको घर जाने बाटो ढलान वडा नं. १० | ८०३३५४०८१०२ | ३११५१ | आन्तरिक श्रोत - नगद | ७,००,००० | सात लाख | |
| ६ | भैरव टोल खोल्सी व्यवस्थापन वडा नं. ५ | ८०३३५४०८१०२ | ३११५९ | आन्तरिक श्रोत - नगद | ५,००,००० | पाँच लाख | |
| | कुल जम्मा | | | | २६,५०,००० | एकाईस लाख पचास हजार | |

रकम रू.............................

नोट:

पेस गर्ने : ________

मिति : ________

दर्जा : ________

प्रमाणित गर्ने सहि : ________

मिति : ________

दर्जा : ________

LMBIS / प्रणालीमा अध्यावधिक गर्नेको सहि

मिति : ________

Ambika